CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन्मुक्ति सिद्धि

ब्रह्मनिष्ठ

तीशचन्द्र चक्रवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain: Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(वेदान्त-२६७)

जीवन्मुक्ति सिद्धि

NEPAL

१६३६

वेदान्त

लेखक :

ब्रह्मनिष्ठ डा० क्षितीशचन्द्र चक्रवर्ती

संस्थापक :

अद्वैत संस्था

कुलपति :

अखिल अद्वैत विश्वविद्यालय

नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

★ प्रकाशिका :

रण देवी, भक्त देवी, मसिनु देवी

बन्दीपुर बजार

गण्डकी अञ्चल (नेपाल)

★ पहिलो पटक

१००० प्रति

★ मूल्य ५।-

★ सर्वाधिकार सुरक्षित

अद्वैत–संस्था, नेपाल

★ श्री ५ महेन्द्र ५१ औं शुभजन्मोत्सव

★ मुद्रक :–

भारती प्रेस, १।१६५ जनरलरोड नारायणगढ़ ।

चितवन (नेपाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्को दर्शन मात्रले हृदयको दुर्भावना हट्दछ,
जस्को वाक्य सुमेर भित्र मनमा आनन्द मौलाउँछ ।
जस्को सङ्गतले स्वरूपसुखको सत्ता खुली हाल्दछ,
यस्ता ज्ञानमय क्षितीश भगवान्लाई नमस्कार छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशकीय दुई शब्द

संसारमा अल्मलिई, आफूलाई पनि सुखी दुःखी संसारी भनी मानेर बसेका हामिहरूलाई आदरणीय गुरुदेव श्री क्षितीशबाबुको उपदेश सुन्ने सौभाग्य मिल्यो। अनि सुनेको उपदेशलाई सत्संगको माध्यमबाट दृढ गर्ने अनुकूल पनि हामिले पायौं। अद्वैत संस्था र शाखाहरूको स्थापना हुनु, श्रद्धालु हरूलाई घर दैलामै संधै सत्संग सुन्ने अनुकुल मिल्नु, र सच्चा ज्ञानी गुरु पाउनु अवश्य नै पुण्यको फल हो भन्ने हामिले ठानेका छौं। यस बीचमा हामिलाई दयालु गुरुदेवबाट लेखी वक्सेको यो ग्रन्थरत्न छपाउने इच्छा भयो। जुन ग्रन्थमा जाग्रत स्वप्न र सुषुप्तिको विश्लेचनाद्वारा आफ्नू सुख स्वरूपलाई प्राप्त गर्ने मौका मिल्दछ। यति मात्र हैन पञ्चकोष रहित, तीन अवस्थाको साक्षी र जाग्रत, स्वप्न, सुषुप्तिको अभावको पनि प्रकाश रूपमा आफ्नू मानव आत्मालाई प्रत्यक्ष देखाई दिनु भएको यो ग्रन्थ अत्यन्त उपयोगी छ। यस्तो आफू नित्य मुक्त स्वरूप भएको हुनाले द्वैत–दुराग्रह बुद्धि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई छोडी शास्त्र प्रमाणलाई ग्रहण गरिकन मानिसले श्रद्धा र विचारको साहारालै हेन्यो भने आफ्नू मित्र बलि राखेको चैतन्यलाई ग्रहण गर्न अवश्य सक्दछ। अहं भाव वा द्वैत प्रपञ्चको मिथ्यात्वनिश्चय द्वारा आफ्नो शुद्ध मुक्त स्वरूपको साक्षात्कार प्राप्त गर्न सकिन्छ किनकि आफू संधै मुक्त स्वरूप नै थियो भूलले प्रमाता भाव स्वीकार गन्यो र आफू सुखी दुःखी बनी हजारौं प्रयत्नमा लाग्यो। भूललाई भूल भनी नजाने सम्म प्रयत्नबाट कहिले पनि शान्ति मिल्न सक्दैन। गुरु वचनमा श्रद्धा गन्यो भने बन्धन तत्कालमा हटिहाल्छ र शान्ति मिल्दछ। नित्य सनातन अविनाशी सुख स्वरूप आफू कुनै काल र अवस्थाले ढाकिएको छैन।

श्रद्धा र भक्ति सम्पन्न मुमुक्षुहरूका लागी यो सानु ग्रन्थ अत्यन्त उपयोगी छ। यसबाट मुमुक्षु पाठक वृन्दको केही मात्र पनि हित भए हामी आफ्नो प्रयत्न सफल भएको ठान्नेछौं।

शुभाकांक्षी :

रणदेवी, भक्तदेवी, मसिनु देवी

बन्दीपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थको विषयमा

अद्वैत संस्थाको पूर्व निश्चित पञ्चम योजना "आचार्य सम्प्रदाय" को सम्यक् अभ्यासका लागी समेत भनी वेदान्तको यो लघु ग्रन्थ रत्न यसै पाली कलकत्तामा २०२६ चैत्र २७ देखी सुरु गरिकन २०२७ वैशाख ३ गते लेख्न सकिएको थियो।

आकारमा सानु भएर पनि यो ग्रन्थको आफ्नो छुट्टै विशेषता छ। अनि यस विशेषताले अद्वैत वेदान्तको सर्वोच्च विचारशिखरलाई सरल ढंगले विवेचना गरेको छ। जीवन्मुक्ति, जीवन्मुक्तिको सिद्धि र जीवन्मुक्तको लक्षणलाई यस ग्रन्थले सुस्पष्ट देखाउनाका साथै मानिसको एकमात्र कर्तव्य त्यही पदमा स्थित रहनु हो भन्ने कुरालाई पनि बोध गराएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तो अमूल्य ग्रन्थ लेखि दिनु भएकोमा परमपूज्य गुरु चरणमा स–भक्ति प्रणामका साथ हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अनि अविलम्ब प्रकाशित गरी पुनः त्यसलाई नेपालको एकमात्र विचार प्रधान सुप्रसिद्ध आध्यात्मिक प्रतिष्ठान अद्वैत–संस्थालाई प्रकाशनाधिकार र प्रकाशित ग्रन्थ समेत समर्पण गरी उदारता र अध्यात्म प्रति गहीरो अभिरूची देखाउनु भएकोमा सत्संगप्रेमी श्रद्धेय प्रकाशिकाहरू तीनै जनामा संस्थाको तर्फबाट सम्मान जनाउंदछु ।

मलाई विश्वास छ, वाहांहरूको यो उदार दानले समस्त नेपाली बन्धुहरूको आध्यात्मिक कल्याण गर्ने छ र जसको फल स्वरूप त्रिविध तापबाट सबै उत्तीर्ण हुन सक्ने छन् ।

सज्जन श्रेयार्थी :

गंगाराम श्रेष्ठ

सचिव

अद्वैत संस्था, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूचि

प्रकाशकीय ग्रन्थको विषयमा	पृष्ठ
(१) सृष्टिको अध्यारोप	१
(२) जगद्रूप चित्रको परिचय	४
(३) जाग्रत हो स्वप्नको समान	८
(४) जगतको चैतन्य स्वरूपता	९
(५) सृष्टिको अपवाद	११
(६) जीवभाव र जगत भावको मार्जन	१३
(७) जाग्रत र स्वप्नको विवेचन	१६
(८) अवस्थात्रय निर्मुक्त आत्मतत्वको निरूपण	१९
(९) चिद्रूप आत्मा हो निर्विकार	२२
(१०) जीवन्मुक्तिको सिद्धि	२५
(११) जीवन्मुक्तको स्वभाव	३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन्मुक्ति सिद्धि

१। सृष्टिको अध्यारोप

श्रुतिको तात्पर्य सृष्टि प्रतिपादनमा होइन, किनकि सृष्टिको प्रतिपादनबाट कुनै प्रयोजन हुन सक्तैन। सृष्टिको ज्ञानबाट कुनै प्रकारको प्रयोजन सिद्धि श्रुतिमा कहीं पनि प्रतिपादित भएको छैन। अद्वितीय आत्मज्ञान नै हो एकमात्र प्रयोजनीय त्यसकारण सारा श्रुतिमा त्यो नै विस्तृत रूपले वर्णित भएको छ। यही ज्ञानको अंगरूपले श्रुतिमा जगतको सृष्टि कहिएको छ। जगतको उत्पत्ति, स्थिति र लय हो ब्रह्माधीनसत्तायुक्त, त्यसकारण दृश्यमान जगत हो ब्रह्मरूप नै। यसरी सृष्टि हो ब्रह्माद्वैत उपदेशको उपायभूत ब्रह्मज्ञानको अंगरूप, यो प्राप्तिजन्य विद्यामा देखाइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus,Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय सूचि

प्रकाशकीय ग्रन्थको विषयमा	पृष्ठ
(१) सृष्टिको अध्यारोप	१
(२) जगद्रूप चित्रको परिचय	४
(३) जाग्रत हो स्वप्नको समान	८
(४) जगतको चैतन्य स्वरूपता	९
(५) सृष्टिको अपवाद	११
(६) जीवभाव र जगत भावको मार्जन	१३
(७) जाग्रत र स्वप्नको विवेचन	१६
(८) अवस्थात्रय निर्मुक्त आत्मतत्वको निरूपण	१९
(९) चिद्रूप आत्मा हो निर्विकार	२२
(१०) जीवन्मुक्तिको सिद्धि	२५
(११) जीवन्मुक्तको स्वभाव	३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवन्मुक्ति सिद्धि

१। सृष्टिको अध्यारोप

श्रुतिको तात्पर्य सृष्टि प्रतिपादनमा होइन, किनकि सृष्टिको प्रतिपादनबाट कुनै प्रयोजन हुन सक्दैन। सृष्टिको ज्ञानबाट कुनै प्रकारको प्रयोजन सिद्धि श्रुतिमा कहीं पनि प्रतिपादित भएको छैन। अद्वितीय आत्मज्ञान नै हो एकमात्र प्रयोजनीय त्यसकारण सारा श्रुतिमा त्यो नै विस्तृत रूपले वर्णित भएको छ। यही ज्ञानको अंगरूपले श्रुतिमा जगतको सृष्टि कहिएको छ। जगतको उत्पत्ति, स्थिति र लय हो ब्रह्माधीनसत्तायुक्त, त्यसकारण दृश्यमान जगत हो ब्रह्मरूप नै। यसरी सृष्टि हो ब्रह्माद्वैत उपदेशको उपायभूत ब्रह्मज्ञानको अंगरूप, यो शाण्डिल्य विद्यामा देखाइएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टि हो आरोपित । यो आरोप हो त्वं पदार्थ निष्ठ । विचारको सहारालै त्यसको निराकरण (अपवाद) भए मुक्ति रूप फल मिल्छ । तत्पदार्थमा जगतको अध्यारोप मान्नुबाट कुनै प्रयोजन सिद्ध हुँदैन । ईश्वरको काम संकल्प आदि हो मायावृत्ति रूप (बुद्धि वृत्ति रूप होइन) । वृक्ष जस्तो स्वतः नै विचित्र शाखाहरूको निर्माण गर्दछ (बुद्धि पूर्वक शाखाहरूको रचना गर्दैन) त्यस्तै परमात्मा विचित्र प्रपञ्च अध्यासको सृष्टि गर्दछ(प्रपञ्च हो चिन्मात्र स्वरूप, जस्तो शाखा हो वृक्षस्वरूप) । (अनारोपित किम्वा सत्य बुद्धि द्वारा गृहित) प्रपञ्चहो त्वं पदार्थ-निष्ठ अविद्याको कार्य । त्यसैले स्वविद्याबाट त्यसको निवृत्ति हुन्छ ।

जाग्रत, स्वप्न र सुषुप्ति यी तीन अवस्थाहरूको अध्यारोप पनि आफूमा अबुद्धि पूर्वक नै अनुभव गर्दछ । यी तीन अवस्थामा स्थित भैकन मानिस जगतको अनुभव गर्दछ । यी तीनै स्थान हुन् स्वप्न (मिथ्या)। जो माया द्वारा रचित हुन्छ अर्थात् स्वतः उत्थित हुन्छ–जस्तो जाग्रदादि अवस्था–त्यो हो वास्तवमा अधिस्ठान चिन्मात्र स्वरूप । समुद्र जस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अबुद्धि पूर्वक (स्वतः) आवर्त, तरंग, बुद्बुद् आदि रचना गर्दछ त्यस्तै परमात्मा आफ्नो स्वरूप जगत प्रतिभासलाई (अर्थात तीन प्रकार स्वप्नलाई) निर्माण गर्दछ । त्यसपछि त्यो जगदाकार आफ्नो चैतन्य स्वरूपको नै आफू आफूले मन बुद्धि अहंकार आदि भिन्न भिन्न नाम राख्दछ ।

जस्तो समुद्रबाट तरंग आदि स्वतः उठ्दछ त्यस्तै चिन्मात्र स्वरूप परमात्माबाट–बुद्धि आदिको सिद्धि न हुनु सम्म दृश्यरूप आरंभ स्वतः नै (अबुद्धि-पूर्वक) बनी हाल्दछ । बुद्धि सिद्धिको पछि संकल्पित आरंभ बुद्धि पूर्वक हुन्छ ।

समुद्रबाट जस्तो भूमरि र लहरि उठ्दछ त्यस्तै चिन्मात्रबाट मन बुद्धि उत्पन्न हुन्छ । तस्वीरमा लिखित जगत जसरी भित्ति मात्र हुन्छ त्यस्तै चैतन्यको आभास मात्र (स्फूरणमात्र) त्रिपुटीरूप जीव, जगत र जगतको ज्ञान–अर्थात् साभास मन बुद्धि हो केवल चैतन्यको प्रकाश ।

जस्तो वृक्षको अवयवरूप पत्र, पुष्प, फल आदि को भिन्न भिन्न नाम वृक्ष देखि भिन्न राखिन्छ त्यस्तै परमात्म चैतन्य आफूमा आरोपित (कल्पित)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीव जगत आदि सारा प्रपञ्चको भिन्न भिन्न नाम राखिएको छ । यसरी चैतन्यमा अवभासित जगत (त्रिपुटी रूप सारा दृश्य) हो चैतन्य मात्र-चित्स्वरूप देखि भिन्न रूपले मिथ्या हो ।

२। जगत् रूप चित्रको विवरण

जगत् हो चैतन्यको प्रतिभान (जस्तो समुद्रमाट तरंग स्वतः उठी हाल्छ त्यस्तै देदीप्यमान सच्चिदानन्द आत्मावाट कार्य कारणरूप यो संसार स्वतः (माया द्वारा) उदित हुन्छ । त्यो हो चैतन्यको आभास । परमात्म चैतन्य नै दृश्यमान जगत् रूपले प्रतिभासित भै राखेको छ । यो अवभासमान चैतन्यमा पृथ्वी आदि कुनै भिन्न पदार्थ भासमान भएको छैन । ब्रह्ममा नै ब्रह्म स्थित रहेको हो । अज्ञान वसात् दृश्य प्रपञ्चको भान भै राखेको छ । ज्ञान भए त्यो ब्रह्म नै भै हाल्छ । जीवन्मुक्ति नहुनु सम्म अज्ञात आत्मस्वरूपमा यसप्रकार जगत भ्रान्ति संधै भै रहन्छ ।

आत्मस्वरुप हो केवल प्रकाश चैतन्यघन, त्यसमा पृथ्वी आदिको घनता (निविडता) छैन । सम्पूर्ण जगत् हो सर्वदा प्रकाशमान परमात्म चैतन्य । दृढ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुपले यस्तो जान्नु नै हो परमबोध । त्यो श्रवण, मनन आदि भूमिका क्रमको अभ्यास द्वारा संभव हुन्छ । यस्तो दृढबोधलाई जीवन्मुक्ति भनेको छ ।

जाग्रत, स्वप्न र सुषुप्तिमा अनुभूयमान सारा दृश्यको मार्जन भए निर्विकल्प समाधिमा केवल चिन्मात्र स्वरुपको अनुभव हुन्छ । तब सारा वृत्तिको अभाव भएको हुनाले त्रिपुटीको अन्तः पाति जगत् दर्शन संभव हुँदैन र साक्षी भाव पनि विनष्ट भै हाल्छ । त्यसकारण अज्ञान वसात् नै जगत् दर्शन संभव हुन्छ ।

अज्ञानी पुरुषको चित्तरुप उपाधिमा ब्रह्मको नै जगत् रुपले भान भै रहन्छ, विज्ञ पुरुषको ध्यानमा-अखण्डाकार वृत्तिमा-चिन्मात्र स्वरुपको नै भान भै रहन्छ । यसरी मुक्ति नहुनु सम्म चैतन्य स्वरुपको भिन्न भिन्न रुपले भान (चैतन्य स्वरुपको बोध र अबोध) संभव हुन्छ ।

जगत् भ्रम मिथ्या भएतापनि अविचारवान (अज्ञानी) मनुष्यको यो भ्रम शान्त हुँदैन-ठिक जस्तो तिमिर रोग द्वारा जस्को आंखा पीडीत भएको छ त्यस्तो पुरुषको आकाशमा दुई चन्द्रमा देख्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुप दोष शान्त हुन सक्तैन । स्वप्नमा स्पष्ट रुपले अनुभूत भएतापनि जस्तो त्यसवेला जमीनको अस्तित्व रहंदैन त्यस्तै जाग्रतमा स्पष्ट रुपले अनुभूत मिथ्याभूत जगत् दृश्य विल्कूलै हुँदैन । स्वप्नमा जस्तो केवल चैतन्य नै रुप आदि अर्थ र त्यसको प्रकाशक तेज रुपले भासमान हुन्छ त्यस्तै जाग्रतमा साक्षी चैतन्यको आफ्नो प्रकाशरुपमात्र नै भिन्न भिन्न पदार्थको आकारमा दृष्ट हुन्छ ।

परमार्थ सत्य चैतन्य वस्तुमा "यो स्वप्न हो, यो जाग्रत हो" यस प्रकारको भेदभाव छैन किनकि जाग्रत् र स्वप्नको अनुभव हो एकरुप (समान) । जस्तो जागे पछि स्वप्नको प्रतीति वाधित हुन्छ त्यस्तै परलोकमा(अरु शरीरमा जागे पछि) पूर्वजन्मको जगत्को प्रतीति वाधित भै हाल्छ ।

स्वप्न र जाग्रत दुवै समान भएतापनि अल्पकाल र अधिककालको भेदले असमान प्रतीत हुन्छ । तर तिनीहरुको अनुभवमा कुनै भेद छैन ।

जाग्रत वाहिर हुन्छ र स्वप्न भित्र हुन्छ । यस प्रकारको भेद पनि तिनीहरुमा छैनन् । किनकि स्वप्न पनि वाहिर हुन्छ, त्यसकारण स्वप्न हो जाग्रतको समान । तिनीहरुको भित्र कुनै पनि श्रेष्ठ (अधिक-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्य) होइन ।

स्वप्न जस्तो जाग्रतमा वाधित हुन्छ, त्यस्तो जाग्रत पनि ज्ञान दशामा र परलोकमा वाधित हुन्छ । ज्ञान दशा (जीवन्मुक्ति) हो परमार्थ जाग्रत ।

जाग्रत, स्वप्न र सुषुप्ति हुन् तीनै स्वप्न (मिथ्या) जाग्रतमा स्थूल विषय, ईन्द्रिय र मन विद्यमान रहन्छ, स्वप्नमा केवल मन रहन्छ, स्थूल शरीर र ईन्द्रिय रहंदैन । सुषुप्ति अवस्थामा शरीर, विषय, ईन्द्रिय, मन रहंदैन, केवल अज्ञान विद्यमान रहन्छ । अज्ञात आत्मा साक्षी रुपले, अविकारी रुपले तीनै अवस्थाहरूमा विद्यमान रहन्छ । यो सौषुप्त अज्ञान साक्षी प्राज्ञ (अव्याकृत किम्वा अक्षर) हो स्वप्न अवस्थाको निर्विकार द्रष्टा (तैजस पुरुषको अधिष्ठान र जाग्रत कालिन मनको साक्षी [विश्व पुरुषको किम्वा प्रमाताको अधिष्ठान] विश्व स्वप्नमा हराई हाल्छ । तैजस सुषुप्ति कालमा रहंदैन । अज्ञानमा प्रतिविम्बित भोक्ता स्वप्न र जाग्रतमा विद्यमान रहंदैन किन्तु सर्वज्ञ साक्षी [प्राज्ञ] हो तीनै अवस्थाको निर्विकार प्रकाशक । ज्ञान भए यो साक्षी नै तुर्य नामले कथित हुन्छ ।

चित्त जव सारा वृत्ति रहित भै कन निर्विकल्प

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधिमा अखण्डाकार रुपले अवस्थित हुन्छ तब वृत्तिहरुको प्रकाशक [सापेक्ष साक्षी] भाव नष्ट भई हाल्छ र केवल चिन्मात्र स्वरुप अधिष्ठान रुपले स्वयं प्रकाशित भै हाल्छ। यो हो तुर्य अवस्था [जीवन्मुक्ति]।

३। जाग्रत स्वप्नको समान हो

अत्यन्त विशाल स्वप्न नगर जस्तो चित् प्रकाश रुप नै हुन्छ त्यस्तै यो जाग्रत् जगत् पनि केवल प्रकाशरुप हो। त्यसकारण अज्ञान वास्तवमा छैन, त्यसको दर्शन कसरी संभव हुन्छ? जाग्रदादि सारा भ्रम शान्त भए जो परिशिष्ट रहन्छ त्यो हो "म"। भ्रम दशामा आफ्नो कल्पना नै वन्धन थियो।

कल्पना वास्तव हुन सक्तै न, किनकि ब्रह्म देखि अतिरिक्त "केही छ" किम्वा "छैन" यसप्रकार वस्तु नै हो अत्यन्त दुर्लभ। विद्या किम्वा अविद्याको अस्तित्व नै छैन। एकमात्र परमार्थ सत्य चैतन्य वस्तु नै—स्वप्नमा झैं—जगत् प्रपञ्चरुपले स्फूरित भै राखेको छ।

एक विषयवाट अरू विषयको प्राप्तिको विचमा [अन्तरालमा] जो निर्विषय चैतन्यस्वरूप स्वतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुभूत हुन्छ त्यो नै हो स्वप्न र जाग्रतमा दृश्यमान प्रपञ्चको वास्तव स्वरूप–यस प्रकार निश्चय गर्नु पर्छ। वाह्य दृश्यमा र ईन्द्रिय, मन र तिनीहरु को विकारहरूमा (आभ्यन्तर दृश्यमा) प्रकाशक रुप-ले सर्वदा जागरुक अद्वितीय स्वयं ज्योति आत्माको स्वरूप हो जाग्रत र स्वाप्निक पदार्थको पारमार्थिक रूप। त्यसकारण जाग्रत र स्वप्नको भेद प्रतीतिको कल्पना पनि हो ती दुवैका प्रकाशक (साक्षी चैतन्य) किनकि तीनै अवस्थामा अनुगत साक्षीरूप चैतन्यको कहिले पनि अभाव हुन सक्तैन, अभाव नभए त्यस देखि भिन्न वस्तुको संभावना कसरी हुन सक्ला ?

४। जगतको चैतन्य स्वरूपता

जब एक परमार्थ सत्य ब्रह्म वस्तुको नै सारा द्वैत रूपले प्रतिभास मै राखेको छ तब ब्रह्म देखि अति-रिक्त–द्वैत, अद्वैत, अद्वैत देखि अभिन्न–केही पनि सिद्ध हुँदैन।

परम ब्रह्म नै हो मूर्त र अमूर्त प्रपञ्च श्रुति यस-प्रकार पैले प्रपञ्चको ब्रह्म रूपता निर्णय गरिकन पछि "नेति नेति" वाक्य द्वारा द्वैतको निषेध गरिकन–सारा द्वैतको परित्याग पूर्वक आविर्भूत आफ्नो चै-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तन्य स्वरूप उत्तरोत्तर भूमिकाको अभ्यास द्वारा दृढ रूपले स्थित हुनु पर्छ भनी उपदेश गरेको छ ।

स्वप्न अनुभूत भएतापनि त्यो जस्तो मिथ्या ठहर्दछ त्यस्तै यो दृश्यमान जगत अनुभूत भएतापनि किन मिथ्या हुँदैन ? स्वप्नको राज्य आदि वैभव जस्तो प्रकाशरूप वस्तु हुन्छ– त्यसमा कर्ता, कर्म, करण आदि कारणको अपेक्षा रहंदैन–त्यस्तै जाग्रत जगत पनि–कर्ता, कर्म आदि निरपेक्ष भएको हुनाले-वास्तवमा चैतन्यरूप नै हो । जो कर्ता,कर्म,करण आदि निरपेक्ष हुन्छ त्यो चित् स्वरुप नै हुन्छ । सृष्टिकालमा यो जगत को कर्ता, कर्म, करण आदिको निर्देश संभव होइन, त्यसकारण यो जगत हो तिम्रो स्वप्रकाश आत्म स्वरूप ।

चित् स्वरूप नै अविद्यावस "तिमी" "म" आदिरूप धारण गर्छ । आरोपित "म" "तिमी" रूपलाई परित्याग गरे "म" "तिमी" रूप जगत अधिष्ठान चैतन्य स्वरूप नै भै हाल्छ । "तिमी" "म" यस प्रकार जगत हो भ्रम मात्र । यो जगत प्रपञ्च मिथ्या भएको हुनाले स्वतः नै शान्त भै हाल्छ र आफ्नो वास्तव चैतन्य स्वरूपमा स्थित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छ ।

सृष्टिकालमा चित् स्वरूप ब्रह्म आफ्नो चमत्कारलाई (झलझलाई) आफ्नो स्वरुपमा संकल्प गर्दछ, त्यो नै जगत नामले स्थित हुन्छ । कारण विना यो जगत स्फूरित भै राखेको छ–चैतन्य प्रकाश द्वारा दीप्यमान भएर अनुभूत भएको हुनाले ज्ञानो पुरुष यसलाई परमपद भनी जान्नु हुन्छ । यसमा जो जीव आदिको स्फूरण हुन्छ त्यो पनि हो परमप द । किनकि शून्यता हो आकाश र आवर्त, तरंग, बुद्बुद आदि हुन् पानी । स्फटिक शिलाको भित्र जस्तो वन, पर्वत, नदी आदिको आभास देखिन्छ त्यस्तै ब्रह्ममा पनि जगतको आभास हुन्छ, यस्तो बुझ्नु पर्छ । चैतन्यको स्वच्छता स्वभाव नै जगत रूपले अवभासित भै राखेको छ, त्यसकारण यो आ-फ्नू स्वभावभूत दृश्य प्रपञ्चमा "यो हो द्वैत" "यो हो अद्वैत" यस प्रकार विचार गर्नु हो व्यर्थ । यो दृश्यरुप अविद्या हो परमपद नै त्यसकारण अविद्या भन्ने पृथक कुनै पदार्थ छैन ।

५। सृष्टिको अपवाद

स्वप्नमा जागरणमा आएर किंवा जागरणमा

Nepal Sanskrit University, Damauli Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वप्नमा प्रवेश गरोस्–अर्थात् मानिस जाग्रत रहोस् किम्वा स्वप्न देखोस्–त्यो एकै रुपमा स्थित रहेको छ। दुवै अवस्थामा नै त्यो केवल भान रूपमा नै (चैतन्य स्वरूपमा नै) अवस्थित रहन्छ। जाग्रत र स्वप्नमा–सुषुप्त (अज्ञानावृत आत्मा किम्वा प्राज्ञ) र तुर्य (शुद्ध आत्मा) सर्वदा स्थित रहेको छ–ठिक जस्तै भ्रान्ति निर्मित सर्पको भित्र अज्ञात रज्जु र केवल रज्जु अवस्थित रहन्छ। ज्ञानवान पुरुष जाग्रत र स्वप्नलाई केवल तुर्य(शुद्ध आत्मा)भनी जान्नु हुन्छ। तत्वज्ञानी पुरुषको लागी जाग्रत, स्वप्न र सुषुप्ति हुन् हर हाल-तमा नै तुर्य। उहाँ द्वैतमा स्थित रहेतापनि अद्वय नै हुनु हुन्छ। द्वैत, अद्वैत, तिमी, हामी र यो–कुनै कल्पना अविद्या रहित पुरुषलाई हुन सक्तैन। शिष्य प्रबोधको निम्ति नै शास्त्रमा द्वैत र अद्वैतको विचार गरिएको छ–द्वैतको सम्यक मार्जन वीना प्रबोध (आत्म साक्षात्कार) उदित हुँदैन।

अविद्यारूप खरानिको सम्यक मार्जन भए अधिकारी पुरुषको चित्त चैतन्य स्वरूपमा रमी हाल्छ, प्राण उसैमा लीन भै हाल्छ। ब्रह्म, चित्त र ब्रह्मगत प्राण भैकन परस्पर एक अरुलाई बोधित गर्दछ र ब्रह्मस्वरुपको निरुपण गरिकन आनन्द र प्रसन्नताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुभव गर्दछ ।

यसरी निरन्तर विचारमा निमग्न मुमुक्षु पुरुषलाई ज्ञानयोग यथा समयमा दृढ हुन्छ र अद्वैत अनुभव प्राप्त गर्छ । त्यसकारण प्रयत्न पूर्वक दृश्य संघातलाई (मायालाई) मिथ्या भनी निश्चय गर्नु पर्छ ।

६। जीवभाव र जगतभावको मार्जन

(क) जीवभावको मार्जन :–

नक्षत्रहरुको भेद झैं जीवहरुको भेद होइन, किन्तु घट, मठले जस्तो आकाशलाई घटाकाश मठकाश रुपले भिन्न भिन्न गरी दिन्छ त्यस्तै अन्तः करणरूप उपाधी वसात् जीव भिन्न भिन्न प्रतीत हुन्छ । "अविद्याको कार्य अन्तःकरणरुप उपाधी हो कल्पित (मिथ्या), "म हूँ अपरोक्ष ब्रह्म" यस प्रकार ज्ञान प्राप्त गरिकन आफ्नो उपाधिरुप र उपाधिकृत भेद परित्याग गर्नु पर्छ यसरी जीव र ब्रह्मको अभेद सिद्ध हुन्छ । अविद्या अन्तः करण देहादि वशात् पैले जीव ब्रह्म देखि भीन्न थियो तब पछि विद्याको सहारा ले ब्रह्म सित एकता प्राप्त हुन्छ–यसो भन्नु ठिक होइन । परमार्थ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्य ब्रह्म वस्तु हो हर हालतमा भेद आदि मल रहित, एकरस । त्यसमा कदापि अलिकति पनि द्वैतरुप मलको अस्तीता छैन । वास्तवमा "म" "तिमी" "अज्ञानी"रुप जीव भेद कहिले पनि छैन ।

जसलाई "यो स्थाणु हो" यसप्रकार यथार्थ निश्चय भएको हुन्छ (कुनै प्रकार सन्देह छैन) त्यसलाई जस्तो संशयज्ञान र भ्रान्तिज्ञान हुन सक्तैन त्यस्तै परमतत्त्वको जो उत्तम मुमुक्षु पुरुषलाई निश्चय भएको छ त्यसमा अरु भेद भ्रमज्ञान टिक्न सक्तैनन् ।

(ख) जगत भावको मार्जन :-

यो जगत दृश्य पहिले थिएन, उत्पन्न भएको छैन, अहिले पन छैन र भविष्यमा पनि रहंदैन । जगतको मार्जन भए यो जगत् सत्रुप ब्रह्म भएर स्थित हुन्छ। जो चैतन्यको झलक पहिले जगत् रुपले ज्ञात हुन्छ त्यो पछि स्वरुपभूत शुद्ध ब्रह्मभावमा नै स्थित हुन्छ । त्यस अवस्थामा जीवन्मुक्त पुरुष द्वारा चिन्मात्र स्वरुपको झलक नै हो जगत् यो उपदेश तिनको ज्ञानबाट जानिन्छ । जगत जड़ रुप कुनै वस्तु हैन ।

स्वप्नमा र मनोराज्य कल्पित नगरमा जस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्ध चैतन्य वाहेक अरु केही रहंदैन त्यस्तै जाग्रत् जगतमा चिन्मात्र देखि भिन्न कुनै उपाधि छैन। यस प्रकार उपाधिको मार्जन भए रुप रहित जीवमा अरु रुप सिद्ध हुँदैन (अर्थात् केवल चैतन्यरुपता सिद्ध हुन्छ)। 'सृष्टिको पहिले यो जगत् एक अद्वितीय सत् वस्तु नै थियो" यस श्रुति अनुसार जसमा सृष्टिको पहिले कुनै उपादान कारण थिएन किम्वा कुनै निमित्त कारण थिएन त्याहांवाट जगत् कसरी उत्पन्न हुन सक्छ ? त्यसकारण केही पनि उत्पन्न भएको छैन। जो उत्पन्न भएको छ भनी प्रतीत हुन्छ त्यो हो अनादि ब्रह्म नै। चित् स्वभाव भएको हुनाले त्यो स्वयं नै जगत् भैं प्रतीत भएको छ, यो नै सिद्ध भयो।

यसरी सृष्टिको समयमा केही पनि वास्तवमा उत्पन्न भएको छैन त्यसकारण ब्रह्मा आदि व्यष्टि समष्टि जीव र तिनीहरुको उपाधिभूत देह, ईन्द्रिय आदि विल्कूलै छैनन्। स्वयंभू (ब्रह्मा) र यो जगत प्रपञ्च हो विस्तृत चैतन्य स्वरुप मात्र। चिन्मात्र ब्रह्म नै चैतन्य स्वभाव वसात् जगत् रुपमा प्रतीत भै राखेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७। जाग्रत र स्वप्नको एकता

जाग्रत, स्वप्न र सुषुप्ति–यिनीहरू आपसमा एक अवस्था अरू अवस्थामा प्रविष्ट भएको हुनाले–तीन प्रकारका हुन्छन् :–

जाग्रत–जाग्रत	जाग्रत–स्वप्न	जाग्रत–सुषुप्ति
स्वप्न–जाग्रत	स्वप्न–स्वप्न	स्वप्न–सुषुप्ति
सुषुप्ति–जाग्रत	सुषुप्ति–स्वप्न	सुषुप्ति–सुषुप्ति

यिनीहरुको मित्र जाग्रत स्वप्नमा (मनोराज्यमा) पदार्थहरू (ईन्द्रिय व्यापार निरपेक्ष भएको हुनाले) मनोमय हुन्छ–अर्थात् स्वप्न नै जाग्रत भावमा प्राप्त हुन्छ। यसरी स्वप्न जाग्रतमा–अर्थात् स्वप्नमा जब "म एतिकाल सुती राखेको थिएं, अहिले जागेको छु" यसप्रकार प्रतीत हुन्छ तब–जाग्रत नै स्वप्न भाव प्राप्त हुन्छ यसरी देखिन्छ कि स्वप्न जाग्रतमा पसी हाल्छ र जाग्रत स्वप्नबाट खडा हुन्छ। एवं प्रकार-ले आत्मा स्वप्नरुप जाग्रतबाट उठिकन जाग्रतरुप स्वप्नमा प्रवेश गर्दछ।

जाग्रत स्वप्नवान पुरुष जाग्रतलाई नै स्वप्न भन्दछ र स्वप्न जाग्रतवान पुरुष स्वप्नलाई नै जाग्रत भन्दछ। अर्थात जाग्रतमा स्वप्नको कथन र स्वप्न-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा जातग्रको कथन देखिन्छ । त्यस्तो भए स्वप्न जाग्रतमा जागरतको नै अनुभव हुन्छ, स्वप्नको होइन । त्यस्तै जाग्रत स्वप्नमा स्वप्नको नै अनुभव हुन्छ, जाग्रतको होइन ।

जाग्रतमा संधै स्वप्नकाल स्वल्प कालिन भनी अनुभव हुन्छ र स्वप्न कालमा जाग्रत संधै स्वल्प कालिन अनुभूत हुन्छ । यसरी स्वप्नको स्वल्प कालता र जाग्रतको दीर्घकालता विपरित हुन्छ । यसकारण जाग्रत र स्वप्नमा कहिले पनि कुनै भेद छैन । जाग्रत र स्वप्न दुवै नै हुन् मिथ्या ।

यदि भन्छौ कि स्वप्न जाग्रतमा निवृत हुन्छ र स्वाप्निक पदार्थ जाग्रतमा मिथ्या भै हाल्छ तर जाग्रत यसरी निवृत हुंदैन र जाग्रत पदार्थ मिथ्या देखिंदैन, त्यसकारण जाग्रत र स्वप्न समान हुन सक्तैन तव यसको निराकरण गरिन्छः—

अत्यन्त स्पष्ट रूपले अनुभूत जाग्रतरूप स्वप्न (१) मृत्युको समयमा (२) परलोकको उदयकालमा र (३) ज्ञान प्राप्ति कालमा निश्चित रूपले शान्त भै हाल्छ (४) स्वप्न पदार्थको बोध कालमा र सुषुप्ति-कालमा पनि जाग्रत प्रपञ्च शून्य भै हाल्छ त्यसका-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रण जाग्रत र स्वप्न हुन् समानरूपले मिथ्या ।

जाग्रत अवस्थाका पृथ्वी आदि पदार्थ हुन् स्वप्नका पृथ्वी आदि पदार्थ झैं निराकार र मिथ्या जाग्रत पदार्थको वास्तवमा कुनै आकार छैन ।

वास्तवमा स्वप्न छैन, जाग्रत छैन, सुषुप्ति छैन र तुर्य अवस्था पनि छैन । सम्पूर्ण जगत् प्रपञ्च हो अद्वितीय चिन्मात्र स्वरुप । चैतन्य स्वरुपमा कहिले पनि स्वप्न हुन सक्तैन त्यसकारण संधै जाग्रत् भै राखेको छ । किम्वा जाग्रत् प्रपञ्च केवल भ्रान्तिमात्र भएको हुनाले संधै स्वप्न विद्यमान छ । अथवा सर्वत्र अविद्यारूप आवरण भएको हुनाले संधै सुषुप्ति विद्यमान छ अथवा संधै तुर्य विद्यमान छ ।

जस्तो पानिमा "यो फिंज हो" "यो फिंज होइन" यो बुद्बुद हो, यो बुद्बुद होइन– यस प्रकारका विकल्प हुन् व्यर्थ । त्यस्तै चित् समुन्द्र को महागर्भमा "यो जाग्रत हो" "यो स्वप्न हो" किम्वा यो सुषुप्ति हो– यस प्रकारका विकल्प व्यर्थ नै हुन्छ ।

सुषुप्तिबाट जीव स्वप्नमा प्रवेश गरे जस्तो सुषुप्ति स्थित चैतन्य नै स्वप्नता प्राप्त हुन्छ । त्यस्तै यथा स्थित चिन्मात्र ब्रह्म नै प्रलयबाट सुषुप्तिभाव प्राप्त हुन्छ । जस्तो सुषुप्ति हो स्वप्न पनि त्यस्तै हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाग्रत पनि त्यस्तै हो र तुर्य पनि हो त्यस्तै। याहांबाट सिद्ध हुन्छ कि जगत हो चिन्मात्र स्वरुप। जाग्रत, स्वप्न र सुषुप्ति सारा हुन् तुर्य नै। प्रकाशरुप भएको हुनाले ब्रह्म नै स्वयं स्वभावभूत स्वच्छ ब्रह्मभानलाई नै जाग्रत, स्वप्न, सुषुप्ति र तुर्य नाम, ब्रह्म अथवा आत्मा नाम दिइएको छ।

स्वप्नमा जस्तो चैतन्यको चमत्कार तीनै जगत हुन्छ त्यस्तै सृष्टि देखि सुरू गरिकन अहिले सम्म यो त्रि जगत चैतन्यको चमत्कारको बलले अन्तः करणमा स्फूरित भै राखेको छ। ग्रहिता (ग्रहण गर्ने वाला) ग्रहण र ग्राह्यरूप जगत हो मिथ्या त्यसकारण नाना प्रकारका विकल्प द्वारा कुनै प्रयोजन सिद्ध हुन सक्तैन।

८। अवस्थामय निर्मुक्त आत्मतत्वको निरुपण

चिन्मात्र स्वरुप ब्रह्मको मज्जारूप चैतन्य यद्यपि संधै प्रकाशित भै रहेको छ तापनि जस्तो जस्तो त्यसमा कल्पना खडा हुन्छ त्यसमा त्यस्तो त्यस्तो उदय हुनु र अस्त हुनुको व्यवहार बन्दछ। यसरी त्यो नित्य चैतन्य स्वरुपमा सृष्टिको आरंभमा अज्ञानी मानिसको "म" "जगत" आदि पदार्थ प्रतीत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छन् तर ज्ञानीको दृष्टिमा द्वैत प्रतीति अस्त भै हाल्छ । किनकि तत्व दृष्टिले देखे पछि "म" "यो" यसप्रकारको द्वैत व्यवहार विनष्ट हुन्छ ।

अज्ञानी पुरुषको जस्तो आकार युक्त पृथ्वी प्रतीत हुन्छ तत्वज्ञानीको त्यस्तो मूर्त मूर्तरूप रहित अखण्डित चिन्मात्र आत्म स्वरूप नै अनुभूत हुन्छ ।

अज्ञान वसात् मानिस व्यर्थ नै चैतन्य स्वरुप लाई पृथ्वी आदि रूपले जान्दछ । आफ्नो प्रकाश स्वरूपमा पृथ्वा आदिको कल्पना गर्दछ । नित्य निर्विकार भान स्वरुप चैतन्यवस्तु स्वतः सिद्ध आफ्नो भानको अन्तः पानि रूपले पृथ्वी आदि पदार्थ लाई जान्दछ । जस्तो मूर्ख मानिस मनो राज्यको नगरमा "यो नगर हो" यस प्रकार को अनुभव गर्दछ त्यस्तै अविनाशि चिन्मात्र आत्मा आफूमा "यो पृथ्वी हो" यस प्रकारले जान्दछ ।

यदि भन्छौ कि जो हो चिन्मात्र त्यसको जगदाकार भान किन हुन्छ ? किम्वा त्यसको अभान किन हुन्छ ? तव जवाफमा भन्दछु कि यस प्रकार विकल्प गर्नु उचित छैन । किनकि जस्तो वायु आकाशमा कहिले स्पन्दित हुन्छ र कहिले स्पन्दन रहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थित रहन्छ त्यस्तै चिन्मात्र हो स्पन्द र अस्पन्द स्वभाव युक्त । प्राण शक्ति द्वारा त्यो स्पन्द युक्त र चित् शक्ति द्वारा त्यो स्पन्द रहित प्रतीत हुन्छ ।

वासनाको उद्भव भए चित् स्वरूप जस्तो जस्तो स्फूरित हुन्छ त्यो त्यसप्रकार जगत रूपले अवभासित हुन्छ । वास्तवमा चैतन्य आफ्नू निराकार स्वरूपमा सर्वदा अवस्थित छ त्यसमा पृथ्वी आदि केही पनि सांचो छैन ।

यसैले जुन प्रकार यो जगतको भान भै राखेको छ, त्यसप्रकार नै भै राखोस् । भान भै राखे तापनि त्यो चित् स्वरुप भएको हुनाले त्यो सत् किम्वा असत् होइन, त्यो प्रपञ्च रुप होइन किन्तु अनिर्वचनीय हो । चैतन्य नै जगत रूपले अवभासित भै राखेको छ ।

चैतन्य नै सबैको हृदयमा आत्मरुपले स्थित छ दृश्यरूपले पनि स्फूरित भै राखेको छ । त्यसकारण "यो हो आभ्यन्तर (शरीर) र यो हो वाह्य ब्रह्माण्ड" यस प्रकारको भेद कल्पना गरिन्छ । तर वास्तवमा वाहिर भित्र किम्वा जगत दृश्यता यस प्रकार भेद छैन सारा हो चैतन्यमात्र । अभेद कल्पना द्वारा सारा भेदको विलापन गरेर शान्त भएर अवस्थित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनू ।

यसकारण श्रवण मननादि विधि प्रवृत भएको छ । वाच्य वाचक भावको माथि शास्त्र विचार आधारित हुन्छ । विचार विना आत्म तत्व को निरुपण संभव हुँदैन । सम्यक विचारको सहारा ले बुद्धि निर्मल हुन्छ र संकल्प कल्पना निवृत हुन्छ र बुद्धि अद्वितीय आत्मस्वरूपमा संलग्न हुन्छ । बुद्धि आत्म निष्ठ भए साक्षात्कारको उदय द्वारा जीवन्मुक्ति पद प्राप्त हुन्छ ।

६। चिद्रूप आत्मा हो निर्विकार

जाग्रत र स्वप्न जगत् चित्प्रकाश देखि अतिरिक्त हुन सक्तैन । प्रतिदिन देखिएको स्वप्न हो यस विषयमा दृष्टान्त । यसको सहारा ले विचार गर्नु । स्वप्नमा चिन्मात्र देखि अतिरिक्त कुनै तत्व (सारकुरा) हुन्छ कि ?

समुद्र आदिमा आवर्त झैं अकस्मात् चैतन्यमा जो यो जगत् अवभासित भएको छ त्यसमा पश्चात् जाग्रत र स्वप्नको कल्पना हुन्छ । समुद्रमा तरंग आदि झैं स्वतः (अबुद्धि पूर्वक) उत्पन्न सृष्टिमा पछि सन्निवेश र स्थिति सम्पन्न हुन्छ । जो कारण बीना उत्पन्न हुन्छ त्यो हो वास्तवमा अनुत्पन्न, यद्यपि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पन्न भए झैं देखिन्छ । जस्तो रत्न, मणि माणिक आदिको कान्ति (झलक) स्वतः उत्पन्न हुन्छ त्यस्तै ब्रह्म सत्ता नै जगतको वेषमा स्फूरित भै राखेको छ। स्फूरित हुनुको पछि आफूमा अर्थ क्रियाकारिता (सत्यता) धारण गर्दछ । परिणामले त्यसपछि सारा पदार्थ परस्पर कार्य कारण भाव प्राप्त गर्दछ ।

जगत शून्य भएतापनि विकाश प्राप्त भै रहन्छ । असत्य पदार्थको विकाशमा आफूबाट अनुभूत स्वप्न नै हो दृष्टान्त । भ्रान्तिमात्र यो जगत् दृश्य मिथ्या नै प्रतीत हुन्छ–यसको वास्तव स्वरूप हो चैतन्य को चमत्कार । तत्वज्ञानको दृष्टिमा यो जगत हो अकृत्रिम सन्मात्र ब्रह्म वस्तु । यो जगत हो चिरस्थायी मनो राज्यरुप जस्तो दृश्य रहित आत्मामा सुषुप्तिको पछि स्वप्न देखिन्छ त्यस्तै अज्ञात आत्मा चांडै नै दृश्य वनिकन खडा भै हाल्छ । त्यस्को पछि अर्थ क्रिया व्यवस्था द्वारा कार्य कारणभाव आदि नियति प्राप्त हुन्छ । अकस्मात दृश्य स्फूरणमा निमित्तको अपेक्षा हुँदैन । समुद्रमा आवर्त आदि अकस्मात् आफ् से आफ् प्रकट् हुन्छ र पछि तिनीहरूको सन्निवेश र स्थिति सम्पन्न हुन्छ । त्यस्तै चैतन्यमा–चित् स्वभाव वसात्–काकतालीय न्यायले दृश्य अकस्मात् स्वयं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्फूरित हुन्छ ।

जगत रूप दृश्य चैतन्यको गर्भमा विद्यमान रहन्छ । ठीक जस्तो काठको मूर्ति काठको भित्र लुकेर वस्तछ । सृष्टिको आरंभमा स्वप्न झैं चित्स्वरुपमा चैतन्य नै विकारयुक्तको झैं प्रतीत हुन्छ । चित्स्वरुप मा जो चैतन्यको स्फूरण हो त्यो त्यसलाई नै जगत भनी जान्दछ । बोध उत्पन्न भए त्यो जगत् हराई हाल्छ ।

जब एकमात्र चित्स्वरुप नै छ तब प्रपञ्च रूप विभागको कुनै अस्तिता छैन । स्मृति, स्वप्न, दिन महिना, संवत्सर आदि काल विभाग र विविध सृष्टि कल्पना छैन । चित् स्वरुप को अन्तर्गत जो सत्ता हो त्यो वाह्यता प्राप्त गरेको छ । वास्तवमा सन्मात्र वाहेक बाहिर र भित्र केही पनि छैन । पर ब्रह्म हो जस्तो त्यस्तै यो जगत हो चिन्मात्र स्वरुप, किनकि जो स्वप्न नगर कुनै जड़वस्तु होइन ।

जो कुछ दृश्य जगत रुपले स्फूरित भै राखेको छ त्यो हो दृश्य रहित चैतन्य मात्र नै दृश्य रहित भएको हुनाले भिन्न केही वस्तु लाई प्रकाश नगरि-कन त्यो शान्त चिन्मात्र प्रकाश भएर आफ्नो स्वरुपमा यसरी अवस्थित रहेको छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०। जीवन्मुक्तिको सिद्धि

चिन्मात्र स्वरूपको स्फूरणनै जगत् रूपले प्रतीत हुन्छ। वास्तवमा जगत् छैन; जगतको भान छैन, शून्य छैन, साभास वृत्ति (वृत्ति चेतन) पनि छैन।

यो जो चारैतिर रहेको दृश्य प्रतीत भै रहेको छ त्यो हो चैतन्यमात्र अद्वितीय ब्रह्मवस्तु। जस्तो निर्मल चिन्मात्र आत्मा आफ्नू निर्विकर स्वरूप लाई परित्याग नगरिकन नै सुषुप्तिवाट स्वप्नमा आउंछ त्यस्तै सृष्टिकालमा चिदात्मा नै स्वतः आफूमा चिदाभासरुप दृश्य झैं स्फूरित हुन्छ। यसप्रकार जाने पछि त्रिजगत रुप दृश्य कहिले पनि भास्दैन, आफ्नू स्वरुपमा जगत रुपले स्थित केवल परब्रह्मको नै भान हुन्छ जागरणको बेला जस्तो स्वप्नको पहाड् निःस्वरुप भै हाल्छ त्यस्तै दृश्य रहित चिदात्मालाई जाने पछियो त्रि जगत चिन्मात्र स्वरुप भै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाल्छ ।

एक विषयबाट अरू विषय ग्राप्ति हुनु भन्दा पहिले र बीचमा जो प्रसिद्ध निर्विषय चैतन्य अनुभूत हुन्छ त्यो नै हो सारा द्वैत प्रपञ्चको अधिष्ठान । बाह्य ईन्द्रिय जनित विषयाभास र मनको विषयाकार वृत्ति-यी सारा हुन् केवल चैतन्यस्वरूप-यो निर्विषय चिन्मात्र देखि अतिरिक्त जगत् दृश्य छैन । सम्पूर्ण दृश्य मण्डल चैतन्यको प्रकाशले भासमान हुन्छ । चन्द्र, सूर्य, आदि पदार्थको भान हो अद्वितीय चैतन्य । रत्न देखि त्यसको झलक जस्तो भिन्न होइन त्यस्तै सम्पूर्ण सृष्टि चिन्मात्र देखि व्यतिरिक्त होइन । त्यो चिद्रूप परमपदमा पृथ्वी आदि सारा भूत भौतिक पदार्थ कल्पित भएका छन् किन्तु वास्तवमा कुनै पदार्थ छैनन् । त्यसमा कल्पित चिदाभास रूपले सारा जीव जीउंदो रहेतापनि वास्तवमा कोही पनि छैन । अद्वितीय चित् स्वरूप नै [स्वप्नमा जीव चैतन्य झैं] पञ्चमहाभूत रूपले विस्तृत नाना पदार्थको आकारमा स्थित भै रहेको छ । जड् जगत र अजड् जीव सारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तुको भित्र अवस्थित जो दुर्लक्ष्य, मन बुद्धि रहित अन्तर्यामि, शुद्ध र चैतन्य वस्तु रहेको छ त्यो नै हो शोधित जीव चैतन्यको पारमार्थिक रूप। सारा जगत पदार्थ पनि हो त्यो चिन्मात्र स्वरूप, त्यस देखि अलिकति पनि भिन्न होइन।

चिद्रुप देखी अतिरिक्त यदि पृथिवी आदि पदार्थ छैनन तव अन्तर्यामि रूपले(साक्षी भएर) तिनीहरूलाई प्रेरणा गर्नु कसरी संभव होला? यसको जवाफ यो हो कि लौकिक व्यवस्थालाई मानिकन केवल उपदेशको लागी शास्त्रमा परमात्मा-लाई सवैको साक्षी र परिणामको प्रेरक भनी वताएको छ। वास्तवमा कुनै दृश्य किम्वा परिणाम विल्कुलै छैन। सर्व व्यापी चैतन्य अनुभव रूपले सर्वत्र स्थित छ। त्यो नै आफ्नो स्वरूपमा अज्ञानीको निम्ति जगत, जीव आदि नाम राखेको छ। "यो हो स्वप्न" यसप्रकार स्वप्न अवस्थामा स्वप्नको परिज्ञान भए जस्तो स्वप्नमा जे सुकै अनुभव हुन्छ ती सारा सुखरूप नै हुन्छन् किन्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"यो हो स्वप्न" यस प्रकार परिज्ञान नभए दुःख युक्त सारा घटना दुःख प्रद नै हुन्छ–त्यस्तै ज्ञान कालमा जो चिन्मात्रस्वरूप आत्मा परिशिष्ट रहन्छ त्यसलाई अंगीकार गरे अनुभूत जगत आदि कौतुक (चमत्कार) त्यस क्षणमा सुख कारक भै हाल्छ। अज्ञान कालमा त्यसको अंगीकार नभएकोले दुःख पूर्ण जन्म, जरा, मरण आदि केवल दुःख दाएक नै हुन्छन्।

चिदाभास द्वारा जव जुन प्रकार संकल्प गरिन्छ त्यसलाई त्यसै प्रकार अनुभव हुन्छ। स्वप्नमा जस्तो आत्मामा नै जगत् भाव प्राप्त हुन्छ त्यस्तै सृष्टिकालमा ब्रह्म नै जगत वेष धारण गर्दछ। त्यस कारण ब्रह्म रसिक पुरुषको चित्त जगतलाई ब्रह्म नै देख्दछ। जसको चित्त जुन विषयमा रसिक हुन्छ त्यसको चित्त त्यही वस्तुको नै अनुभव गर्दछ। त्यसकारण तत्वज्ञको चित्त जगत्मा ब्रह्मताको अनुभव गर्दछ।

जसको चित्त र प्राण सर्वदा जसमा अनुरक्त हुन्छ–जसमा निरन्तर लागी रहन्छ– त्यसलाई त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तु नै साँचो भनी प्रतीत हुन्छ र त्यो वस्तुलाई नै स्पष्टरूपले अनुभव गर्दछ । जो मन एकमात्र ब्रह्ममा रसिक हुन्छ त्यो मन एक क्षणमा ब्रह्म बनी हाल्छ। जसको मन जसमा रस पाउंछ त्यो त्यसलाई नै सांचो भनी जान्दछ ।

जसको चित्त दृढ निश्चय वसात् जसमा विश्राम लाभ गर्दछ, त्यसको लागी त्यो नै परमार्थ सत्य हुन्छ। जस्को दृष्टिमा दृश्य, सत्य, असत्य, मूर्त, अमूर्त सारा पदार्थ नै हुन् चिन्मात्र ब्रह्म, त्यसको दृष्टिमा कहिं पनि कर्ता अथवा भोक्ता जीव छैन किनकि सारा कुरा ब्रह्मरुपले नै परिशेष हुन्छ। आकाशमा जस्तो घट् पट् अ दिको अभाव अवकाश देखी अभिन्न हुन्छ त्यस्तै परमार्थ सत्य ब्रह्ममा नै बुद्धि र देह आदिको अनुभव नानारुप प्रतीत भएतापनि ब्रह्म देखी अभिन्न नै हुन्छ। सृष्टि कालमा निराकार चिन्मात्र परमात्माको नै दृश्य रुपले भान हुन्छ र त्यो भान–संकल्प र मिथ्या ज्ञानमा जो भ्रम हुन्छ–त्यो भ्रमको बराबर नै हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खेल गर्नै बेला बालक जस्तो घुमी रहन्छ तब त्यसको दृष्टिमा रुख, पहाड्, नदी आदिका साथ पृथ्वी घुमी रहन्छ–अरु मानिसको दृष्टिमा पृथ्वी घुम्दैन - उभय दृष्टि नै हो साँचो। "म घुम्दा खेरी पृथ्वी घुम्दैन" यस प्रकारको ज्ञान जुन बालकलाई हुन्छ त्यसलाई पनि जब सम्म स्थीरताको अभ्यास गर्दैन तब सम्म त्यसको लागी पृथ्वी घुमेको छ भन्ने दृष्टि निवृत्त हुँदैन, त्यस्तै भ्रम अवस्थामा जगत् भ्रान्ति दृष्टि स्थीरताको अभ्यास बीना शान्त हुन सक्तैन।

यो स्थीरताको अभ्यास हो तत्वज्ञानी गुरुलाई सेवा आदि द्वारा प्रसन्न गरिकन उहांको मुखबाट यो मोक्षोपाय शास्त्रको ब्याख्यान पूर्वक श्रवणको अभ्यास। यस बाहेक दृश्य निवृत्तिको अरु कुनै उपाय छैन। योग शास्त्रमा प्रसिद्ध चित्त निरोध द्वारा दृश्य को विलोप संभव छैन। किनकि चित्तको स्वरुप संसार देखि पृथक होइन। त्यसकारण जाग्रत र स्वप्नमा जिवित चित्तको र सुषुप्तिमा मृत चित्तको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयत्न पूर्वक निरोध गरे तापनि चित्तको संसारबाट निरोध हुन सक्तैन । चित्त जस्तो सदा संसार देखि अपृथक् हो त्यस्तै दृश्यरुप संसार हो चित्त र शरीर दुवै देखी अपृथक । यसकारण योगी सम्मत निर्विकल्प समाधीमा चित्तको चञ्चलता निवृत्त भएतापनि अज्ञात रुप आवरण अनिवृत्त भएको हुनाले मोक्ष प्राप्त हुन सक्तैन । यसप्रकार हुंगा झैं निर्विकल्प समाधीबाट जो कूछ प्राप्त हुन्छ त्यो निद्राबाट पनि प्राप्त हुन्छ, केवल तत्वज्ञ ध द्वारा यो दृश्य र (स्थूल सूक्ष्म) शरीर निवृत्त भै हाल्छ । यो मोक्ष शास्त्रको अभ्यास भए बोध उत्पन्न हुन्छ र बोध द्वारा चित्त बाधित भए यो संसार अदृश्य भै हाल्छ । त्यसैले यो मोक्ष शास्त्रको अभ्यास नै हो दृश्य निवृत्तिको एक मात्र उपाय ।

जस्तो कारणको अभाव भए वायु स्पन्दन र स्पन्दन कृत मेघ शैन्य (सिपाही) शान्त भै हाल्छ त्यस्तै तत्वज्ञान द्वारा चित्त, दृश्य र शरीर तीनै निवृत्त भै हाल्छ । चित्त, दृश्य र शरीर रुप तीनको कारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो अज्ञान । ब्रह्मात्म भावको आवरक अज्ञान यो मोक्षोपाय शास्त्रको अभ्यास द्वारा नै शान्त हुन्छ । पानीमा जस्तो द्रव बसात् आवर्त, बुद्‌बुद आदि हुन्छ त्यस्तै अविद्यावृत ब्रह्मा अज्ञान पूर्वक नै चित्त, बुद्धि आदि जड् पदार्थ को निर्माण गर्नु भएको छ ।

आत्मज्ञानी पुरुषमा दुःख दायी कुनै विक्षेप रहंदैन; सर्वदा समाधी सुख नै अनुभूत हुन्छ । शान्त तत्वज्ञानी पुरुषलाई हिंड्ने, बस्ने, जाग्ने र सुत्ने वेला केवल सहज समाधी सुख नै अनुभूत हुन्छ ।

द्वैतमा पनि अद्वैत निष्ठ, दुःखमा पनि सुख स्थिति युक्त वाहिर संसारमा स्थित भएतापनि त्यसमा अनवस्थितियुक्त पुरुषका लागी कुनै साध्य किम्वा परित्यज्य शेष रहंदैन । वाहिरको कार्यमा व्यवहार गरी राखेतापनि तत्वज्ञानी पुरुष भित्र केही त्याग पनि गर्नु हुन्न र ग्रहण पनि गर्नु हुन्न किन्तु आफ्नो ब्रह्म स्वरुपमा नै अवस्थित हुनु हुन्छ । बरफको शितलताको झैं किम्वा आगोको उष्णताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झैं आफ्नो स्वरूपमा स्थिति हो तिनको स्वभाव-त्यो प्रयत्न द्वारा सिद्ध गर्नु पर्दैन ।

जसको यसप्रकारको स्वभाव छैन त्यो तत्वज्ञानी होइन । आत्मा देखी अतिरिक्त विषयको ईच्छा हो अज्ञताको लक्षण ।

जो अज्ञान आवरण शून्य हुनु हुन्छ उहांको अन्तः करण सर्वदा समाधी सुखको अनुभव गरी रहन्छ; शत्रु, मित्र, ईष्ट, अनिष्ट आदि विकल्पको गन्ध पनि तिनमा रहंदैन, आत्म सुख रूपी सार वस्तु नै तिनको अन्तः करणमा प्रशस्त रुपमा रहन्छ र तिनी परम शान्तिरुपी अमृत द्वारा तप्त हुनु हुन्छ ।

११। जीवन्मुक्तको स्वभाव

[एकादश लक्षण]

१) चिन्मात्र आफ्नो स्वरुपमा जसको बुद्धि अचल निष्ठा युक्त हुन्छ-स्वरुपबाट जस्को बुद्धि कहिले पनि विचलित हुंदैन तिनी जीवन्मुक्त भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कहिनु हुन्छ ।

२) जसको निश्चल चित्त चिन्मात्ररूप परमात्मामा विश्रान्त भएर त्यसैमा रमण गर्दछ तिनी जीवन्मुक्त भनी कहिन्छ ।

३) परमात्म आफ्नो स्वरूपमा विश्रान्त भएर जसको चित्त त्याहांबाट हटेर फेरी दृश्यमा रति प्राप्त हुँदैन उहां हुनु हुन्छ जीवन्मुक्त ।

४) शुद्ध बोध स्वरुप आत्मामा अत्यन्त संलग्न भएको हुनाले प्रयत्न बीना जसले सुखलाई जान्नु हुन्न उहांलाई विश्रान्त भनेको छ ।

५) पदार्थ सम्बन्धी सारा शंसय जसको विवेक द्वारा नष्ट भै हालेको छ उहां परमपदमा विश्रामलाभ गर्नु हुन्छ । सारा सन्देह हो अज्ञानमूलक र मूलाज्ञानको विनाश भए सारा सन्देह पनि विनष्ट हुन्छ ।

६) व्यवहार गरेतापनि जसको भित्र कुनै वस्तुमा कहिल्यै पनि अनुराग हुँदैन तिनी विश्रान्त भनी कहिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७) प्रारब्ध अनुसार जो कुछ मिल्दछ त्यस-वाट निर्वाह द्वारा जसको सारा कार्य कामना र संकल्प रहित हुन्छ तिनीलाई परमपदमा विश्रान्त भनी कहिन्छ ।

८) जुन महापुरूष आलम्वन रहित यो दीर्घ संसार मार्गमा चिन्मात्र दर्शनको फलले आत्मामा विश्राम लाभ गर्नु हुन्छ तिनी हुन् जीवन्मुक्त ।

९) जो भाग्यवसात साधन सम्पत्तिद्वारा सत्शास्त्र र सद्गुरूको अनुग्रहले तत्व साक्षात्कार प्राप्त गरि-कन संसार सागरको परपारमा पुगि सक्नु भएको छ उहाँलाई जीवन्मुक्त भनेको छ ।

१०) परम चैतन्य आफ्नो स्वरूपलाई प्राप्त गरेको ज्ञानवान पुरूष शून्यरूप जिव जगतलाई केवल मिथ्या भनी जानु हुन्छ ।

११) स्वप्नवाट जागिकन मानिस जस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वप्नकालिन व्यवहारलाई निर्विकार रूपले स्मरण गर्दछ, त्यस्तो आत्मज्ञानवान पुरूष अत्यन्त प्रयत्न पूर्वक वहिर्मुख वृत्ति भइकन वाह्य पदार्थको परिज्ञान पर्वक शरीर धारणादि गर्नु हुन्छ ।



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDF

(१)

वाल्मीकिविद्यापीठपु

प्रत्यावर्तनति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तक प्राप्ति स्थान

१. अद्वैत संस्थाको प्रधान कार्यालय क्षेः
नारायणगढ (चितवन)

२. अद्वैत संस्थाको अञ्चल कार्यालयहरू र
शाखाहरूमा.

३. अखिल अद्वैत विश्वविद्यालयहरूमा,

४. अखिल अद्वैत महाविद्यालयहरूमा

५. नेपालका प्रमुख पुस्तक विक्रेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu